# आर्थिक मामिला तथा योजना मन्त्रालय

## कोशी प्रदेश, विराटनगर

<u>घरभाडा लिने सम्बन्धी १५ दिने सूचना</u>

प्रथम पटक प्रकाशित मितिः- २०७९/११/२१

यस मन्त्रालयका सचिवज्यूका लागि घर वहालमा लिन तपसिल बमोजिमको मापदण्ड भित्रको घर भाडामा लिनुपर्ने भएको हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी आफुले दिन सक्ने बहाल दररेट खुलाई रीतपूर्वकको निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलः</u>

१. भाडा लिनुपर्ने घरहरु विराटनगर महानगरपालिका क्षेत्रभित्र यस मन्त्रालयबाट करिब ५ किलोमिटरको दुरीभित्र अवस्थित हुनुपर्ने।
२. चारैतिर कम्पाउण्ड वालले घेराबार भएको हुनुपर्ने।
३. गाडी पार्किङ्ग गर्ने सुविधा हुनुपर्ने ।
४. प्राविधिक दृष्टिकोणले उपयुक्त घर हुनुपर्ने ।
५. घरमा विद्युत्त, धारा, किचन, पानी, शौचालयको सुविधा भएको हुनुपर्ने।
६. वहाल लिने घरमा कम्तिमा ४ कोठा भएको हुनुपर्ने।
७. घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको पत्रको प्रतिलिपि, घरजग्गाको लाग्ने हालसम्मको सबै किसिमको कर र दस्तुर तथा पानी, बिजुलीको महसुल चुक्ता गरेको प्रमाणको प्रतिलिपिसहित निवेदन पेश गर्नुपर्नेछ।
८. आफूले भाडामा दिन चाहेको घरजग्गा कति भाडा दरमा दिन सकिने हो? घर बहाल कर सहित मासिक रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
९. नियमानुसारको घरबहाल कर लाग्नेछ।
१०. निवेदन प्राप्त भएका घर भाडामा लिने वा नलिने भन्ने अधिकार यस मन्त्रालयमा निहित हुनेछ।
११. अन्य कुराहरु यस मन्त्रालयले तोकेबमोजिम हुनेछ।

..................

सतिश सत्याल

अधिकृतस्तर आठौं